नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

प.सं. :- २०७६/०७७
च.नं. :- ८६९

मितिः २०७६/०८/०६

विषयः कर्मचारीको विदा स्वीकृत बारे।

प्रिय सहकारीज्यू,

विगत केहि दिन देखि लोक सेवा आयोगद्वारा सञ्चालन गरिने आन्तरिक तथा खुल्ला परीक्षाको तयारी गर्ने प्रयोजनको लागि कार्यालय समयमा कर्मचारीहरु अनुपस्थित रहने गरेको भन्ने व्यापक जनगुनासो प्राप्त हुन आएकोले त्यस कार्यालय र मातहत निकायका सम्बन्धित कर्मचारीलाई कार्यालयको काममा बाधा नपुग्ने गरी अत्यावश्क कामका लागि मात्र विदा दिने र सेवा प्रवाहको कार्य नियमित हुने व्यवस्था मिलाउन हुन साथै विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने कर्मचारीको अभिलेख राखी कारवाही अघि बढाउन हुन समेत अनुरोध छ।

सो सम्बन्धमा यस मन्त्रालय वा अन्य निकायबाट समेत अनुगमन हुने भएकोले अनुगमनको क्रममा अनुपस्थित रहेका कर्मचारीको अभिलेख राखी गयलकट्टी गरिने र सो बमोजिम तलबकट्टी हुनेको हकमा सेवाको अभिलेख समेत सोही बमोजिम राखिने व्यहोरा अनुरोध गरिन्छ। साथै, परिक्षाका नाममा सरकारी साधन श्रोतको दोहन हुने गरेको गुनासा समेतलाई मध्यनजर गरि सरकारी श्रोतको दुरुपयोग रोक्ने तर्फ कारवाही हुन समेत अनुरोध गरिन्छ।

श्री सचिव,
सम्पूर्ण आयोग, मन्त्रालय तथा निकायहरू।

(यादव प्रसाद कोईराला)
सचिव

बोधार्थः-
श्रीमान् मुख्य सचिवज्यू, नेपाल सरकार।